# गुर्भाकोट नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

✆९८५८०६५१११
शुभाघाट, सुर्खेत
कर्णाली प्रदेश, नेपाल

प.सं. : २०८०/०८१
च. नं.

राष्ट्रिय दैनिक पत्रिकामा विज्ञापन एवं सूचना प्रकाशन गर्ने सम्बन्धी

**सिलवन्दी दरभाउपत्र आव्हान गरिएको सूचना ।**

प्रथम पटक प्रकाशित मिति:२०८१/०५/०६

यस नगरपालिकाको आर्थिक बर्ष २०८१/०८२ को असार मसान्तसम्म नेपाल सरकारबाट मान्यता प्राप्त टेण्डर सूचना प्रकाशन गर्न मिल्ने राष्ट्रिय दैनिक पत्रिकामा प्रतिष्पर्धा मार्फत सबैभन्दा छुट कबोल गर्ने फर्म/बिज्ञापन एजेन्सीबाट सूचना प्रकाशन गर्न मिल्ने भएकोले सो सम्बन्धी कार्य गर्ने ईजाजत प्राप्त ईच्छुक विज्ञापन/ एजेन्सी वा फर्महरुबाट तपसिलको शर्तहरु भित्र रही सिलवन्दी दरभाउपत्र पेश गर्न यो १५ ( पन्ध्र ) दिने सूचना प्रकाशन गरिएको छ।

**शर्तहरु**

१. सिलबन्दी दरभाउपत्रका साथ राष्ट्रिय वाणिज्य बैक मेहेलकुना शाखामा रहेको यस कार्यालयको आन्तरिक राजश्व खाता नं ४४८०१००३०१०१००२ मा फिर्ता नहुने गरी रु १००० (एक हजार) दाखिला गरेको सक्कल बैक भौचर सहित क्रमश नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, फर्मदर्ता नविकरणको प्रतिलिपी, स्थायी लेखा नम्बर (प्यान/भ्याट) प्रमाणपत्रको प्रतिलिपि र करचुक्ता प्रमाणपत्रको प्रतिलिपी पेश गर्नुपर्ने छ।

२. सिलबन्दी दरभाउपत्र यो सूचना प्रकाशन भएको मितिले १५ ( पन्ध्र ) दिन भित्र यस कार्यालयमा बुझाउनुपर्ने भएकोले रितपूर्वक दाखिला भएका दरभाउहरु १६ औ दिनमा दिनको १२ बजे यस कार्यालयमा दरभाउदाता वा निजको प्रतिनिधिको रोहवरमा खोलिने छ। निजको प्रतिनिधिको अनुपस्थितिमा समेत सिलबन्दी दरभाउपत्र खोल्न कुनै बाधा पुग्ने छैन।

३. सिलबन्दी दरभाउपत्र पेश गर्दा BOQ मा सहि छाप गरी रकम अंक र अक्षरमा स्पष्टसंग उल्लेख गर्नुपर्ने छ। यसरी उल्लेख गरिएको रकम अंक र अक्षरमा फरक परेमा अक्षरमा उल्लेख गरिएको रकमलाई मान्यता दिईने छ साथै सिलबन्दी दरभाउपत्रमा लाहा छाप लगाई पेश गर्नुपर्ने हुन्छ।

४ . BOQ को न्यूनतम एक आइटम भर्नुपर्नेछ र नभरेको आइटममा खाली नराखी नभरेको भनी लेख्नुपर्ने छ।

५. कारण जनाई वा नजनाई ठेक्का रद्द गर्ने वा नगर्ने सम्पूर्ण अधिकार नगरपालिकामा निहित हुनेछ।

६. यस सूचनामा उल्लेख नभएका अन्य विषयमा प्रचलित ऐन, नियम तथा कानून बमोजिम हुनेछ।

७. अन्य जानकारीको लागि यस नगरपालिकामा सम्पर्क गर्न सक्नुहुनेछ।

पूर्ण बहादुर खत्री
प्रमुख प्रशासकीय अधिकृत



CamScanner

गुर्भाकोट नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
घुमाघाट, सुर्खेत
कर्णाली प्रदेश, नेपाल
२०७३

# BILL OF QUANTITIES (BOQ)

| छापा पत्रपत्रिका तर्फ | | | | |
|---|---|---|---|---|
| सि. नं. | पत्रपत्रिकाको किसिम | प्रति सि सि | छुट | |
| | | | प्रति सिसि प्रतिशत अंकमा | प्रतिशत अक्षरमा |
| १ | राष्ट्रिय क वर्ग | | | |
| १.१ | | | | |
| १.२ | | | | |
| १.३ | | | | |
| १.४ | | | | |
| १.५ | | | | |
| २ | राष्ट्रिय ख वर्ग | | | |
| २.१ | | | | |
| २.२ | | | | |
| २.३ | | | | |
| २.४ | | | | |
| २.५ | | | | |

पूर्ण बहादुर खत्री
प्रमुख प्रशासकीय अधिकृत

CamScanner